# १ पावल र रोम

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** प्रेरित २८:१७-३१, रोमी १:७, रोमी १५:१४, २०-२७, एफिसी १, फिलिप्पी १:१२।

***स्मरण गर्नुपर्ने पद:*** "प्रथमतः तपाईंहरू सबैको निम्ति येशू ख्रीष्टद्वारा परमेश्वरलाई धन्यवाद दिन्छु। सारा संसारका मानिसहरूले तपाईंहरूको आस्थाको बारेमा चर्चा गरिरहेका छन्।" (रोमी १:८ रूपान्तरित)।

पावलले लेखेका रोमीहरूका पुस्तकको अध्ययन गर्दा त्यस पुस्तकका इतिहास र पृष्ठभूमीबाट सुरू गर्नु पर्दछ। अनि रोमी १:१बाट सुरु गरेर पद पद पढेर पूरै किताब पढ्नुपर्छ। रोमीको पुस्तकका सारा मर्म बुझाउन यस सानो अध्ययन पुस्तिकालेमात्र असम्भव भएकोले त्यस पुस्तकका प्रमूख भागहरूलाई मात्र अध्ययन गर्न हामी वाध्य भएका छौं। यस पुस्तकलाई राम्रोसँग अध्ययन गर्न कमसेकम चारवटा पुस्तकहरू बनाउन आवश्यकता हुन्छ। त्यसकारण, रोमीका केवल ती अध्यायहरूको अध्ययन गर्नेछौं जसमा आधारभूत र सान्दर्भिक सन्देशहरू समावेश भएका छन्।

जुन विद्यार्थीले रोमीको पुस्तकलाई अध्ययन गर्दछ, उसले त्यस पुस्तकका पृष्ठभूमी र इतिहास थाहा पाउन जरुरी छ। ती इतिहास र पृष्ठभूमीको ज्ञान भएन भने पावलले के भनीरहेका छन् त्यो बुझ्न कठिन हुन्छ। निश्चित इसाई समूहहरूलाई निश्चित समयमा निश्चित कारणको निम्ति पावलले लेखिरहेका थिए। ती पुस्तकबाट संसारका सारा युगका मानिसहरूले पनि लाभ उठाउनेछन् भनेर पावललाई थाहा थियो।

यस पुस्तकको भावना बुझ्न काल्पनिक रूपमा हामी त्यस समयका रोम देशमा जानुपर्दछ र त्यहाँका इसाई समूहका सदश्यहरू बन्नुपर्दछ। अनि हामी प्रथम् शताव्धीका चर्चका सदस्यहरू भएर त्यस समयमा पवित्र आत्माले पावललाई के सन्देश दिनुभएको थियो र उनले सुनाउनुभएको सन्देशलाई सुन्नु आवश्यक छ।

*रोमीहरुलाई लेखिएको पुस्तकमा येशूले दिने मुक्ति*

करिब दुई हजार वर्ष अघि लेखेको पुस्तक भएतापनि बर्तमान सेरोफेरोमा पनि परमेश्वरका जनहरूको निम्ति यस पुस्तकमा लेखिएका वचनहरू समय सापेक्षित छन्। यस पुस्तका मर्म केवल त्यस समयका परमेश्वरका जनहरूको निम्तिमात्र नभएर प्रत्येक भूमीमा र प्रत्येक परिस्थितिमा रहेका परमेश्वरका जनहरूलाई लागु हुन्छ। त्यसकारण भक्तिभाव र प्रार्थनापूर्वक यस पुस्तक अध्ययन गर्नु आवश्यक छ। यस रोमीको पुस्तकमा गुञ्जाइरहेको पावलको वचनलाई हाम्रो जीवनमा कसरी लागु गर्ने भनेर परमेश्वरसँग बरदान माग्नुपर्दछ।

## १ मिति र स्थान (प्रेरित १८:२३)

रोमी १६:१,२ अनुसार पावलले रोमी साम्राज्यको किनक्रिया भन्ने शहरमा यो पुस्तक लेखेको हुन सक्छ। यो ठाउँ ग्रीसको कोरन्थी शहरमा पर्छ। यो शहर पूर्विय वन्दरगाहमा थियो। कोरन्थी शहरको नजिकको शहर फीबको बारेमा पनि पावलले उल्लेख गर्नुभएको छ। यसले गर्दा पावलले लेखेका रोमीहरूको पुस्तकका पृष्ठभूमीमा केहि हदसम्म कोरन्थी पनि पर्छ भनेर हामी भन्न सक्छौं।

नयाँ करारमा पावलले लेखेका पत्रहरूको सङ्गालोको प्रत्येक पत्र कहाँ लेखेका थिए भनेर थाहा पाउँदा कुन समयमा लेखिएको रहेछ भनेर पनि थाहा पाउन सकिन्छ। त्यसकारण उहाँले ती पत्रहरूलाई लेख्दा कुन् स्थानमा हुनुहुन्थ्यो भन्ने ज्ञान हामीलाई थाहा भयो भने कहिले लेखेको रहेछ भनेर शङ्केत गर्दछ। पावलका लेखहरूलाई समय सापेक्षित बनाउन बाइबलका विद्यार्थीले यो बुझ्नु आवश्यक छ।

ईस्वी सन् ४९-५२मा आफ्नो दोश्रो मिशिनरी अर्थात् सुसमाचार प्रचारप्रसारको यात्रामा पावलले कोरन्थीमा चर्च स्थापना गरेका थिए (प्रेरित १८:१-१८ पढ्नुहोस्)। ईस्वी सन् ५३-५८ताका आफ्नो तेश्रो यात्रामा पावललाई फेरि ग्रीसमा जानुभएको थियो (प्रेरित २०:२,३)। उनको यो यात्रा जीवनको अन्तिम यात्रा थियो। त्यस बखत त्यस स्थानका चर्चहरूबाट येरुशलेमका विश्वासीहरूको निम्ति गरेको भेटी सङ्कलन पावललाई दिएका थिए (रोमी १५:२५,२६)। यसको अर्थ

पावलले रोमीहरूको पत्र ईस्वी सन् ५८ताकातिर लेखेका थिए भनेर जनाउँछ।

पावलले आफ्नो तेश्रो मिशिनरी यात्रामा अरू महत्वपूर्ण चर्चहरूमा पनि जानुभएको थियो। हेर्नुहोस्, प्रेरित १८:२३मा ती चर्चहरूलाई उल्लेख गरिएका छन्।

यस यात्राको दौरानमा पावलले गलातीका चर्चहरूमा जानुभएको थियो। जब उनी ती चर्चहरूबाट टाडा थिए तब झुट्ठा सिक्षकहरू आएर ती चर्चका सदस्यहरूलाई मुक्ति पाउन खतना गर्नु नै पर्छ भनेर सिकाएका थिए। मोसाले इस्रायलीहरूलाई दिएको अरू विधिविधान पनि पालन गर्नु आवश्यक छन् भनेर ती गलत धर्म गुरुहरूले विश्वासीहरूलाई सिकाएका थिए। पावल रोममा जानुभन्दा पहिले उनका शत्रुहरू पहिले नै रोम पुगेर विश्वासीहरूलाई अन्यौलतामा पुऱ्याउँछन् भनेर चिन्तित भएको थिए। त्यसकारण रोमीका विश्वासीहरूले ती झुट्ठा धर्मगुरूहरूलाई आफ्ना चर्चहरूमा समावेश नगरून  भनेर पावलले ती विश्वासीहरूलाई पत्र लेखेको थियो। पावल कोरन्थीमा हुँदा गलातीको पुस्तक पनि लेखेका थिए भनेर मानिसहरूले विश्वास गर्छन्। तेश्रो मिशिनरी यात्राको तिन महिनासम्म पावल त्यस शहरमा थिए। हुनसक्छ पावल कोरन्थीमा जानेबित्तिकै त्यहाँको वस्तुस्थितिको ज्ञान पाएर त्यहि वस्तुस्थिति रोममा पनि नदोहोरियोस भनेर उनले लेखेको हुनुपर्छ।

"पावलले सुसमाचारका महान् सुत्रहरू रोमीको पत्रमा समावेश गरिएको छ। त्यस ताका यहूदी र गैर-यहूदी चर्चहरूको बिचमा मतभेद भएको थियो। ती मतभेदहरूलाई स्पष्ट रुपमा औँल्याएर पावलले आफूले पाएको शिक्षादिक्षालाई अघि सारेका थिए। आशा र प्रतिज्ञाहरू एक जमानामा यहूदीहरूलाईमात्र दिएको थियो भनेर उनले देखाए । तर अहिले, ती यहूदीहरूले पाएका परमेश्वरका प्रतिज्ञा सारा संसारका गैर-यहूदीहरूलाई पनि उपलव्ध गराइएको छ भनेर पावलले स्पष्ट गरे।"-एलेन जी ह्वाईट, *द आक्टस् अभ आपोस्टलस्*, पृ. ३७३बाट रूपान्तरित।

*रोमीहरुलाई लेखिएको पुस्तकमा येशूले दिने मुक्ति*

जब हामी बाइबलका कुनै पनि किताब पढ्छौं त यो किन लेखिएको छ भनेर थाहा पाउनु जरुरी छ। फेरि कुन परिस्थितिलाई औंल्याएर त्यो पुस्तक लेखिएको रहेछ भनेर पनि थाहा पाउनुपर्दछ। त्यसकारण रोमीको पत्रलाई बुझ्न यहुदी र गैर-यहुदीको बिचमा के मतभेद भएर तिनीहरू किन विभाजित भए भन्ने कुरा हामीले बुझ्न आवश्यक छ। अर्को अध्यायमा ती मतभेदको बारेमा अध्ययन गर्नेछौं।

आजको सन्दर्भमा के विषयवस्तुहरूमा चर्चमा मतभेद भइरहेको छ? ती मतभेदले चर्चलाई कसरी विभाजित गरिरहेको छ? चर्चलाई टुक्राएर विश्वासीहरूलाई अन्यौलतामा घचेत्ने तत्वहरू के भित्रैबाट आएका छन् कि बाहिरबाट? यस मतभेदमा तपाईंको के भूमिका छ? चर्चलाई फुटाउने तत्वहरूलाई रोक्न तपाईंको पद, प्रतिष्ठा र मनस्थितिले कस्तो भूमीका खेलिरहेको छ? आफ्नो आत्मआलोचना गर्नु हाम्रो निम्ति किन आवश्यक छ?

## २. व्यक्तिगत सम्पर्क (रोमी १५:२०-२७)

आफ्नो मानिसलाई चिट्ठी पठाउनु असल कुरा हो। तर व्यक्तिगत रूपमा उसका जानु अझ झन असल कुरा हो। आफ्नो पत्रमा पावलले केवल पत्रमात्र पठाएर चित्त बुझाउन खोजेको देखिन्दैन। व्यक्तिगत रूपमै रोममा गएर विश्वासीहरूलाई भेट्ने इच्छा पत्रमा व्यक्त गरेको हामी पाउँछौं। आफू रोममा आउने र किन आउने भनेर रोमका विश्वासीहरूले थाहा पाउन् भनी पावलले व्यक्त गरेको यस पत्रमा हामी देख्छौं।

तर उनी तुरन्तै उनीहरूलाई भेट्न जान सकेको थिएन। त्यसको कारण के थियो? पढ्नुहोस्: रोमी १५:२०-२७। जब उनी रोममा जाने भए त कुन कारणले त्यहाँ जान निर्णय गरे? आफू हिंडिरहेको लक्ष्य उनको निम्ति किन महत्वपूर्ण थियो? पावलले यहाँ व्यक्त गरेका वचनहरूद्वारा हामीले के सिक्न सक्छौं जसले गर्दा हाम्रो जीवनको लक्ष्य पनि निर्धारित होस् र येशूका सक्षम् साक्षी बन्न सकौं? यहुदी र गैर-यहुदीहरूको बारेमा महत्वपूर्ण र चासोको विषय पद २७मा पावलले उल्लेख गरेकाछन्, त्यो के हो?

पावल गैर-यहुदी अर्थात् इस्रायली जात भन्दा बाहिर जातका मानिसहरूले सुसमाचार सुनाउने महान् प्रखर प्रचारक थिए। येशूको बारेमा ज्ञान केवल इस्रायलदेशभित्रका मानिसहरूमामात्र सिमित राख्नु हुन्न भन्ने उनको अभियान थियो। संसारमा विभिन्न जात जाती र रंगभएका मानिसहरूले पनि सुसमाचार थाहा पाउनुपर्छ भन्ने उनको इच्छा थियो। त्यसकारण नयाँ नयाँ ठाउँहरूमा सुसमाचार फैलाउनु आवश्यक छ भन्ने पावलको भावना थियो। इसाई जगतका प्रारम्भिक कालमा सुसमाचार प्रचार गर्ने कर्मचारीहरूको एकदम कमी थियो। सुरू गरिएकै चर्चहरूमा बसिरहनु मुल्यवान प्रचारगर्ने शक्तिलाई खेर फाल्नु हो भनेर पावलले ठानेका थिए। विश्वासीहरूको समूहलाई बनाउँदै, त्यस समूह चलाउने अभिभारा अरूलाई सुम्पिन्दै उनी हिंडेका थिए। पावलले भने, “येशूको बारेमा ज्ञान नभएकाहरूलाई सुसमाचार सुनाउनु म सधैं चाहन्थैं। अरूले सुरू गरेको चर्चमा गएर म हस्तक्षेप गर्न चाहन्न। यसरी लेखिएको छ, ‘जसले येशूको बारेमा थाहा पाएका छैन, त्यसले बुझ्ने छन्।’" (रोमी १५:२०,२१)।

पावलले कहिलै पनि युरोप महादेशको रोममै आफ्नो स्थाइ बसोबास गर्ने चाहना गरेका थिएनन्। उनको युरोपको स्पेनमा पनि प्रचार गर्ने लक्ष्य राखेका थिए। स्पेनमा प्रचार गर्न रोमका विश्वासीहरूले सहायता गरून् भन्ने उनको चाहना थियो।

स्थापित चर्चबाट सहायता पाएर नयाँ क्षेत्रमा प्रचार अर्थात् मिशिनेरी काम गर्ने पावलको महत्वपूर्ण नितिबाट हामीले के सिक्नुपर्दछ?

रोमी १५:२०-२७ फेरि पढ्नुहोस्। अरूलाई सेवा गर्न र अरूको आवश्यकताको परिपूर्ती गर्न पावल कत्तिको उत्सुक थिए? तपाईं येशूभक्त भनेर दावी गर्नुहुन्छ भने पावलको इच्छा तपाईंमा कत्तिको जागेको छ?

## ३. पावल रोममा पुग्छन् (प्रेरित २८:१६)

आखिरमा पावल रोममा कसरी पुगे भनेर प्रेरित २८:१६मा हामीलाई भनिइएको छ? येशूभक्तको जीवनमा पनि अपेक्षा नगरेका र

नचाहेको कुरा हुने रहेछ भनेर उपरोक्त विवरणबाट हामी कसरी सिक्छौं?

हाम्रो जीवनले अचानक र अनौठो मोड लिन सक्छ। धेरै पल्ट हामीले अपेक्षा वा आशा गरेको योजना जत्तिसुकै असल भएपनि त्यो पूरा भएको पाउँदैनौं। अनेकौं हन्डर खाएर तथा जोखिममा परेर पावल अन्ततः रोममा पुग्छन्। तर रोमको यात्रा त्यस्तो कठिनपूर्वक होस् भन्ने उनको चाहना थिएन।

आफ्नो हातमा गरिबहरूको निम्ति चन्दा लिएर पावल येरूशलेममा पुग्छन्। यो उनको तेश्रो मिशिनरी यात्रा थियो। येरूशलेममा धेरै गरिब विश्वासीहरू थिए। तिनीहरूको निम्ति युरोप र यशियाका अरू देशहरूका चर्चहरूबाट उनले भेटी सङ्कलन गरेका थिए। जब उनले सरसम्मान रूपमा येरूशलेममा पुग्न अपेक्षा गरेका थिए, तब उनलाई अपेक्षा नगरेको घट्नाको सामना गर्नुपर्‍यो। त्यहाँ पुग्ने बित्तिकै उनलाई समातियो र हथकडी लगाइयो। अनि उनलाई सिजरियामा दुई वर्षसम्म थुनामा राखियो। आफूप्रति अन्याय भएकोले र आफू रोमी नागरिक भएको हैशियतले आफ्नो अधिकारलाई उपभोग गरि उनले सिजर सम्राटकहाँ न्याय पाउन उजुरी दिए। त्यो उजुरी दिएको तिन वर्ष पछि समुद्रको अनेकौं जोखिम यात्रा गरि उनी रोममा पुगे। जब उनले आफू रोममा आउने इच्छा गरेर पत्र लेखेका थिए, तब यस्तो दुखःपूर्ण तवरले त्यहाँ पुगिन्छ भनेर शायद उनले सोचेका पनि थिएनन्।

रोममा आफ्नो समय पावलले कसरी बिताए भनेर प्रेरित २८:१७-३१मा उल्लेख गरिएको छ? ती पदहरूबाट हामीले के महत्वपूर्ण ज्ञान लिनुपर्दछ?

“पावलको प्रवचन होइन तर उनलाई बाँधेका साङ्लाहरूले गर्दा सम्राट सिजरका दरवारियाहरूले इसाई शिक्षामा चासो देखाएका थिए। बन्दी बनाएकै अवस्थामा धेरै मानिसहरूलाई पापको दासबाट उनले स्वतन्त्र गराएका थिए। र अझ यो मात्र होइन। पावलले भन्छन्, “मलाई साङ्लाले बाँधेर थुनिएकै कारण परमेश्वरमा रहेका धेरै विश्वासीहरू अझ सूरो भएका छन्। अब तिनीहरूले निडर र

साहसीसाथ परमेश्वरका वचनहरू बोल्दछन्।' फिलिपीहरूलाई १:१४ (रूपान्तरित)।–एलेन जी ह्वाईट, द आक्टस् अभ आपोस्टल्स, पृ. ४६४बाट रूपान्तरित।

तपाईँले आफ्नो जीवनमा कतिपटक अप्रिय तथा अपेक्षा नगरेका घट्नाहरू खेप्नु भएको छ, जुन पछि तपाईँको हितको निम्ति सावित भएका छन्? (फिलिपी १:१२ पढ्नुहोस्)। परमेश्वरमाथिको आस्था र विश्वासलाई अटल राख्न ती अनुवभहरू कसरी तपाईँको निम्ति मार्ग निर्देशक भएका छन् र हुनुपर्दछ?

## ४. परमेश्वरका भक्तजन अर्थात् सन्तहरू हुन आह्वान (रोमी १:७)

पावलले रोमका इसाईहरूलाई यसरी सम्वोधन गरेर लेख्दछन्: "रोममा भएका तिमीहरू सबै परमेश्वरका प्रियजन र सन्त हुन बोलाइएकाहरूलाई, परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।" रोमी १:७। पावलले व्यक्त गरेका ती शव्दहरूमा के सत्य मर्महरू हामीले सिक्नुपर्दछ?

*परमेश्वरका प्रियजनहरू रे!* परमेश्वरले सारा संसारलाई प्रेम गर्नुभएको छ भन्ने तथ्यलाई हामीले कहिलै पनि पन्छाउनुहुँदैन। तर परमेश्वरलाई चुनेका र उहाँको प्रेमलाई सहस्रसाथ ग्रहण गर्नेहरूलाई विषेश रूपमा आफ्नै ठानेर उहाँले प्रेम गर्नुहुन्छ।

हामी मानव जात भएकोले यो कुरालाई मान्दछौं। जसले हामीलाई प्रेम गर्छ त्यसलाई विषेश रूपमा प्रेम तथा माया ममता र स्नेह देखाउने हाम्रो स्वभाव हो। यदि कसैलाई हामीलाई माया गर्छौं भने त्यसले पनि हामीलाई माया गरोस् भन्ने अपेक्षा गर्दछौं। जब हामीले दिएको प्रेम उत्पादकमुलक भएन र हामीप्रति आभारित भएन भने त्यो प्रेम सिमित प्रेम हुन्छ र त्यो प्रेमले पूर्णता पाउँदैन।

*सन्तहरू हुन बोलाइएको रे !* कुनै कुनै अनुवादहरूमा "हुन" भन्ने शव्दलाई आइटालिक अर्थात् छड्के अक्षरमा लेखिएका छन्। यसको अर्थ अनुवादकहरूले त्यस शव्दलाई थपेको जनाउँछन्। तर यस शव्दलाई अर्थ नबदली हटाउन सकिन्छ। जब ती शव्द "हुन" हटिन्छ त "सन्त भनी सम्वोधन गरिएको" पाउँछौं।

*सन्त* भन्ने शव्द ग्रीक शव्द हागियोयी (hagioi)बाट अनुबाद गरिएको हो। यसको अर्थ पवित्र जन हो। पवित्रको अर्थ निष्ठावान वा समर्पित हो। जो मानिस परमेश्वरको निम्ति समर्पित भएको हुन्छ त्यसलाई सन्त भनिन्छ। कुनै पनि इसाई महिला वा पुरुष समर्पित जीवन बिताउँदा उच्च आध्यात्मिक स्तरमा पुगीसकेँ भनेर दावी गर्दैन तर यो जीवन विकसित जीवन हो। लडिबुडी खेलेर येशूमा बढ्दै जाने लक्ष्य लिएर उनी अग्रसर भएको हुन्छ। यस व्यक्तिले येशूलाई आफ्नो प्रभु भनेर चुनैकै कारण उहाँले उनलाई सन्त भनेर नामाङ्करण गर्नुभएको हो।

कुनै कुनै मानिसहरूलाई सन्त हुन बोलाइएको हो भनेर पावलले भन्छन्। यसको अर्थ के कुनै मानिसहरूलाई सन्त हुन बोलाइएको छैन भन्न खोजेको हो? पावलको यस अर्थलाई देहायका पदहरूले कसरी बुझाउन खोज्दछन्? हेर्नुहोस्ः एफिसी १:४, हिब्रू २:९, र २ पत्रुस ३:९।

येशूको मृत्यु सबैको लागि हो भन्ने जस्तो महान् शुभ समाचार अरू के होला? संसारको कुनै पनि भागमा रहेका हामी जो भएपनि उहाँमा मोक्ष पाउन हामीलाई आह्वान गरिएको छ। संसारको जग बसाल्नु वा सृष्टिको सुरू अघिदेखि नै हामीलाई सन्त हुन बोलाइएको थियो। सारा मानव जात येशूमा मुक्ति पाउन् भन्ने परमेश्वरको प्रथम् योजना थियो। संसारको अन्तमा केवल सैतान र उसका पतित दूतहरूको निम्ति मात्र स्वर्गबाट आगो आएर यस पृथ्वीलाई शुद्ध गराउने योजना थियो (मत्ती २५:४१)। तर कतिपय मानिसहरूले परमेश्वरले प्रदान गर्नुभएको मुक्तिको योजनाको परिधिमा पर्ने अवसर लिन चाहँदैनन्। यसको फलस्वरुप तिनीहरू सैतानकै मिलोमत्तोमा जीविका चलाउन रोजेको हुन्छ र तिनीहरूको स्वभाव पनि सैतानकै जस्तो दुष्ट चरित्रले भरिएको हुन्छ। अनि संसारको अन्त्यमा तिनीहरूको गति पनि सैतानको जस्तै हुनेछ। यसले गर्दा परमेश्वरको महान् मुक्तिको बरदानलाई न्युनतममा झारिएको छ भनेर हामीले कहिलै पनि ठान्नु हुन्न। क्रुसैबाट उहाँले हामीलाई मुक्ति पाउन आफ्ना हातहरू

फैलाउनुभएको छ। यसलाई रोज्ने वा नरोज्ने त्यो आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ। हामीले उहाँलाई रोजेनौं भन्दैमा उहाँको महान् बरदान निष्क्रिय हुँदैन।

बिचार गर्नुहोस्ः संसार सुरू भएको अघि नै उहाँमा तपाईं मुक्ति पाउन् भनि तपाईंलाई बोलाउनुभएको छ। त्यस आह्वानलाई अस्विकार गराउन कुन शक्तिले तपाईंलाई रोकिराखेको छ? वा के कुनै शक्तिले प्रभुतिर तपाईं आउन रोक्न सक्दछन् र? यसलाई तपाईंले वाख्या गर्नुहोस्।

## ५. संसारले थाहापाएका सुसमाचार (रोमी १ः८)

खास गरेर रोममा चर्च कुन समूहले सुरू गऱ्यो भन्ने कुरा हामीलाई थाहा छैन। त्यहाँको चर्चको सुरूवात पत्रुस वा पावलले गर्नुभएको हो भनेर धेरैले विश्वास गर्दछन्। तर त्यसलाई कसैले पनि प्रमाणित गर्न सक्दैनन्। हुनसक्छ कुनै गैर-इसाई कर्मचारीले सुरू गरेको होला। जब पेन्टिकोष्टको दिनमा पवित्र आत्माको प्रवाह भएको थियो, त्यसबेला हजारौं यहूदीहरू विभिन्न देशहरूबाट येरुसलेममा चाढको लागि जम्मा भएको थिए। तिनीहरूमध्ये धेरैले येशूलाई ग्रहण गरेका थिए (प्रेरित २)। हुनसक्छ तिनीहरूमध्ये कतिपय विश्वासीहरू रोममा बसोबास गर्न वा घुमघाम गर्न गएक थिए होलान्। त्यहि क्रममा तिनीहरूले आफूले पाएका नयाँ आस्थालाई फैलाएको हुनसक्छ।

"पेन्टिकोष्टको घट्नाभएको करिब तिस वर्षपछि रोममा विश्वासीहरूको समूह खडा भएको थियो। त्यस ताका कुनै पनि येशूका चेलाहरू रोममा गएका थिएनन्। तैपनि त्यहाँको चर्च प्रख्यात भइसकेको थियो। येशूलाई क्रुसमा टाँगेको बिसवर्ष भित्रै रोममा चर्च सक्रिय हुन्दै बढ्न थालेको थियो। त्यस भूमीमा त्यहाँको चर्च परमेश्वरको निम्ति मजबूत र एकदम सक्रिय भएको थियो। यसकोलागि परमेश्वर आफै क्रियाशील हुनुभएको थियो।"-एलेन जी ह्वाइटको टिप्पणी, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०६७बाट रूपान्तरित।

रोमी १५:१४मा पावलले रोममा भएको चर्चको बारेमा के चर्चा गरेको थियो?

<u>*रोमीहरुलाई लेखिएको पुस्तकमा येशूले दिने*</u> *मुक्ति*

रोममा भएका इसाईहरूको चरित्रमा तिन गुणहरूले स्थान जमाएका थिए भनेर पावलले उल्लेख गर्दछन्। ती हुन्ः

१. तिनीहरू उदार वा कल्याणकारी हृदयले भरिपूर भएका थिए। के हामीमा पनि यो भएको आभास पाउँछौं र? जब अरू मानिसहरू हामीसँग समय बिताउँछन् त के तिनीहरू हाम्रो सदाशयता, भलोपनमा आकर्षित भएका हुन्छन्?

२. तिनीहरू ज्ञानले भरिपूर भएका थिए। ज्ञान र सूचनाप्रवाहलाई महत्व दिनुपर्दछ भनेर मानिसहरूलाई बाइबलले औंल्याउँछ। विश्वासमात्र गरे पुग्छ आत्मज्ञानको महत्व त्यत्तिको छैन भनेर बाइबलले कहिलै पनि भन्दैन। बाइबल अध्ययन र यसमा भएका दर्शन तथा शिक्षाहरूको ज्ञानमा निपुण हुनुपर्छ भनेर इसाईहरूलाई प्रोत्साहन गर्दछ। “बाइबलमा भनिएको छ, ‘म तिमीहरूलाई नयाँ हृदय दिनेछु’ यसको अर्थ ‘नयाँ दिमाग दिन्छु" भनेको हो। जब कुनै मानिसको हृदय येशूमा परिवर्तन हुन्छ भने त्यस व्यक्ति इसाई कर्तव्यमा लाग्न आफूलाई समर्पित गरेको हुन्छ।ऊ स्पष्ट नितिमा हिंडदछ। सत्यलाई कसरी बुझेको छ त्यहि अनुसार मानिस हिंडदछन्। "-एलेन जी ह्राईट, *माइ लाईफ टुडे,* पृ. २४बाट रूपान्तरित। (अर्थात् इसाई जीवन केवल भक्तिमार्गमा हिंड्ने मात्र नभएर ज्ञानमार्गमा पनि हिंड्नु हो)।

३. “एक आपसमा सरसल्लाह र टेवादिन सक्षम् भएका छन्" कोहि इसाई हुँ भनेर दावी गर्दछन् त अरू विश्वासीहरूबाट टाडा रहँदा त्यो व्यक्ती आत्मिक रूपमा कसरी बढ्न सक्छन् र? उत्साह र हौसला दिन एक आपसको सहयोग चाहिन्छ। हामीले अरूलाई हौसला दियौं भने हामीले पनि हौसला पाउँछौं। येशूभक्तको जीवन गुफामय जीवन होइन। यो जीवन विश्वासीहरूको बिचमा रहेर सक्रिय हुनु हो। यसो गर्दा एक आपसमा भएका प्रेरणा बाँडफाँड गरिन्छ, अनि येशूमा दिनदिनै बढ्दै जानेछौं।

तपाईंको स्थानिय चर्चको बारेमा तपाईं के भन्नुहुन्छ? त्यस चर्चले कस्तो नाम कमाएको छ? बा अझ आत्मआलोचना गर्ने जिज्ञासा त, के तपाईंको चर्च असल नामले प्रख्यात भएका छन् त? तपाईंको

उत्तरले तपाईंको चर्चको बारेमा के भन्छ? अझ महत्वपूर्ण कुरो त तपाईंको व्यक्तिगत संलघनताले तपाईंको चर्चको मर्यादालाई कसरी सुधार्न सक्नुहुन्छ?

**उपसंहार:**

थप जानकारीको निम्ति पढ्नुहोस्: एलेन जी ह्वाईटद्वारा लिखित *टेस्टिमोनिज फर द चर्च,* ठेली ५,पृ. ७०६मा उल्लेखित अध्याय, “द मिनिस्त्री अब द बाइबल", *आक्टस् अभ आपोस्टल्स* ३७२-३७४मा उल्लेखित अध्याय, “सालभेशन फर द ज्युज।" एसडीए बाइबल डिक्स्नेरी, पृ. ९२२, र एसडीए बाइबल कमेन्टरी, ठेली ४६७, ४६८।

“ पावल झ्यालखानामा राखिएको बेलामा चर्चहरूमा गएर काम गर्न उनलाई रोक लगाइएको थियो। विगत समयमा जती स्वतन्त्र भएर उनले काम गरेर प्रचार प्रसारमा लाग्दा जुन प्रभाव उनले पारेका थिए त्यो भन्दा बेसी, चौतर्फी र दिगो प्रभाव उनी झ्यालखानामा पर्दा पारेका थिए। प्रभु येशूको बन्धी भएको नाताले इसाई विश्वासीहरूमा उनको बलियो पकड थियो। व्यक्तिगत रूपमा विश्वासीहरूकोसाथमा रहेको भन्दा येशूको निम्ति साङ्लाले बाँधिएर विश्वासीहरूको निम्ति लेखेका लेखहरूले बढि आकर्षण र सम्मान पाएका थिए।"-एलेन जी ह्वाईट, द आक्टस् अभ आपोस्टल्स, पृ. ४५४बाट रूपान्तरित।

“रोमको इसाई चर्चले स्थाइत्व पाउन् भन्ने पावलको स्नेहले भरिएको पत्रमा आशा र लक्ष्यहरू एक थियो। रोममा चर्च स्थापना भइसकेको थियो। इटाली र अरू देशहरूमा येशूको बारेमा प्रचारप्रसार द्रुतगतिमा भइरहेको थियो। त्यस पुनितकामको निम्ति विश्वासीहरूले सहायता गरुन भन्ने पावलको चाहना थियो। ती विश्वासीहरूको माझमा काम गर्न पावलले आफ्नो भूमिका तयार पार्दै गिए। ती धेरै विश्वासीहरूले पावललाई चिनेका थिएनन्। त्यसकारण आफू रोममा आउने र स्पेनमा चर्च सुरू गर्ने योजना पावलले पत्रद्वारा तिनीहरूलाई अवगत गराएका थिए।" एलेन जी ह्वाईट, द आक्टस् अभ आपोस्टल्स, पृ. ३७२बाट रूपान्तरित।

<u>*रोमीहरुलाई लेखिएको पुस्तकमा येशूले दिने*</u> *मुक्ति*

"पापी र सन्त, विश्वासी र अविश्वासीहरूको बिचमा के भिन्नता छ र तिनीहरू किन छुट्टै हुनुपर्दछ भनेर सनातनका परमेश्वरले देखाउनुभएको छ। इन्द्रेणीका रङ्गहरू जस्तै यी दुई समूहको बिचमा मिश्रण हुँदैन। बरू मध्यदिन र मध्य रात जस्तै तिनीहरू फरक हुन्छन्।" एलेन जी ह्वाईट, मेसेजेज् टु योङ्ग पिपुलस्, पृ. ३९०बाट रूपान्तरित।

**चिन्तनमननः-**

१. यस अध्यायको पाँचौं बुँदाको अन्तिम हरफमा उल्लेखित प्रश्नलाई फेरि सोच्नुहोस्। तपाईंको चर्चको बारेमा अरूको सकारात्मक धारण होस् भनेर तपाईं र तपाईंका विश्वासी मित्रहरूले कस्तो भूमिका खेल्न सक्दछन्?

२. पहिला डरलाग्दो भएको तर पछि लाभदायी सावित भएको अनुभवहरूलाई विश्वासीहरूको बिच छलफल गर्नुहोस्। अपेक्षा नगरिएका नराम्रा कुराहरूसँग संघर्ष गरिरहेका विश्वासी जनहरूलाई ती अनुभवहरू बाँड्दा तिनीहरूले हौसला पाउँछन्।

३. के रे? संसारको सृष्टि गर्नुभन्दा पहिला नै हामीलाई मुक्तिपाउन आह्वान गरिएको रे? यसको अर्थ के हो? हेर्नुहोस् तितस १:१,२, १ तिमोथी १:८,९। यो हाम्रो निम्ति किन प्रोत्साहित धारणा हुनुपर्दछ? सबै मानिसहरूको निम्ति परमेश्वरको प्रेम कस्तो रहेछ भन्ने यस अवधारणाले देखाउँछन्? परमेश्वरले प्रदान गर्नुभएको अनुग्रहको बरदानलाई मानिसहरूले अश्विकार गर्नु किन दुःखपूर्ण कुरो हो?